# आगामी सार्वजनिक बैठकहरू र सार्वजनिक सुझाव सङ्कलन अवधिको सूचना

साउथवेस्टर्न पेन्सलभेनिया कमिसन (Southwestern Pennsylvania Commission, SPC) ले निम्न मस्यौदा कागजातहरूको सम्बन्धमा सार्वजनिक सुझाव सङ्कलन अवधिमा सर्वसाधारणबाट रायसुझाव माग गरिरहेको छ र सुझाव सङ्कलन अवधि बिहीबार, मई 7 बाट सुरु भएर शुक्रबार, जुन 5 सम्म रहनेछ:

- *2027-2030 यातायात सुधार कार्यक्रम (TIP) जसले यस क्षेत्रको अल्पकालीन यातायात पूर्वाधार परियोजनाहरूको योजना बनाउँछ।*
- *यस क्षेत्रको दीर्घकालीन यातायात योजना (LRTP) (अनुसूची IV-1) मा गरिएको संशोधन जसले अद्यावधिक गरिएको यातायात राजस्व प्रक्षेपण र परिमार्जित परियोजना सूचीलाई समेट्छ।*
- *2027-2030 TIP र अद्यावधिक गरिएकोLRTP का वायु गुणस्तर अनुकूलता निर्धारण।*

मई 7, 2026 बाट सुरु हुनेगरी मस्यौदा कागजपत्रहरू सर्वसाधारणको समीक्षाका लागि www.spcregion.org मा उपलब्ध हुनेछ।

हाम्रो संस्थाले सर्वसाधारणलाई हाम्रो क्षेत्रको यातायात योजना प्रक्रियाका बारेमा थप जानकारी प्राप्त गर्नका लागि यी मस्यौदा कागजपत्रहरू समीक्षा गर्न र आफ्नो समुदायमा हुने आगामी सार्वजनिक बैठकमा सहभागी हुन प्रोत्साहित गर्दछ। यी बैठकहरू खुला रूपमा सहभागी हुन मिल्ने ओपन हाउस स्वरूपमा आयोजना हुनेछन्। कार्यक्रमको कार्यसूचीमा छोटो प्रस्तुतीकरण र नक्साहरू समीक्षा गर्ने अवसरहरू समावेश हुनेछन्। सहभागीहरूले SPC का कर्मचारीहरू, तपाईंको काउन्टी योजना विभागका प्रतिनिधिहरू, PennDOT का प्रतिनिधिहरू र स्थानीय यातायात सञ्चालकहरूसँग पनि कुराकानी गर्न सक्नुहुनेछ। 2027-2030 TIP को मस्यौदाको कागजी प्रति प्राप्त गर्नका लागि कृपया सार्वजनिक संलग्नता संयोजक रोन्डा क्रेग (Ronda Craig) लाई फोनबाट (412) 391-5590 एक्स्टेन्सन 0372 वा इमेलबाट rcraig@spcregion.org मा सम्पर्क गर्नुहोस्।

यी बैठकहरूमा र सार्वजनिक सुझाव सङ्कलन अवधिभरि सर्वसाधारणले यातायात परियोजनाहरूका बारेमा प्रश्नहरू सोध्न र हाम्रो संस्थालाई आफ्ना राय-सुझावहरू बुझाउन सक्नुहुनेछ। यी मस्यौदा कागजपत्रहरूका बारेमा दिइने सुझावहरू सार्वजनिक बैठकहरूमा हाम्रा कर्मचारीहरूद्वारा पनि स्वीकार गरिनेछन्। लिखित सुझावहरू अन्य विभिन्न माध्यमहरूबाट पनि बुझाउन सकिन्छ: comments@spcregion.org मा इमेल गरेर, https://arcg.is/14L5nb1 मा इन्टेक फाराम तथा अन्तरक्रियात्मक TIP परियोजना नक्सामार्फत वा Southwestern Pennsylvania Commission, 42 21st Street, Pittsburgh, PA 15222 मा पत्राचार गरेर।

| | | |
|---|---|---|
| **इन्डियाना काउन्टी - प्रत्यक्ष उपस्थिति**<br>CareerLink Building, 300 Indian Springs Rd, Suite 202, Indiana PA 15701 | **मई 7, 2026** | **दिउँसो 3:00 बजेदेखि बेलुका 5:00 बजेसम्म** |
| **फेयट काउन्टी - प्रत्यक्ष उपस्थिति**<br>The Gallatin Building, 2 West Main St, Uniontown PA 15401 | **मई 11, 2026** | **दिउँसो 1:30 बजेदेखि दिउँसो 3:30 बजेसम्म** |
| **आर्मस्ट्रङ काउन्टी - प्रत्यक्ष उपस्थिति**<br>Kittanning Township Fire Department, 13126 US-422, Kittanning PA 16201 | **मई 13, 2026,** | **बेलुका 4:00 बजेदेखि बेलुका 6:00 बजेसम्म** |
| **वाशिंगटन काउन्टी - प्रत्यक्ष उपस्थिति**<br>The Crossroads Building, Public Meeting Room, 95 West Beau St, Washington PA 15301 | **मई 14, 2026,** | **दिउँसो 3:00 बजेदेखि बेलुका 5:00 बजेसम्म** |
| **लरेन्स काउन्टी भर्चुअल**<br>Microsoft Teams बैठक, यहाँ जोडिनुहोस्: https://teams.microsoft.com/meet/29100408777732?p=4SIlqvfCYfYrdwA47t बैठक ID: 291 004 087 777 32, पासकोड: Sz2Qb2cc वा www.spcregion.org/events/ मा उपलब्ध लिङ्क | **मई 19, 2026** | **बिहान 11:30 बजेदेखि दिउँसो 1:30 बजेसम्म** |
| **ग्रिन काउन्टी - प्रत्यक्ष उपस्थिति**<br>PennDOT Engineering District Building, Main Conference Room, 129 Jefferson Rd, Waynesburg PA 15370 | **मई 20, 2026** | **दिउँसो 2:00 बजेदेखि बेलुका 4:00 बजेसम्म** |
| **ऐलेघेनी काउन्टी र सिटी अफ पिट्सबर्ग – भर्चुअल**<br>Microsoft Teams बैठक, यहाँ जोडिनुहोस्: https://teams.microsoft.com/meet/26471861452098?p=iVtyqSwJe34mh3mWpv, बैठक ID: 264 718 614 520 98, पासकोड: WR3GW9uA वा www.spcregion.org/events/ मा उपलब्ध लिङ्क | **मई 27, 2026** | **दिउँसो 3:00 बजेदेखि बेलुका 5:00 बजेसम्म** |
| **वेस्टमोरल्यान्ड काउन्टी - प्रत्यक्ष उपस्थिति**<br>Westmoreland County Department of Planning & Development, Planning Board Room, Fifth Floor, Suite 520, 40 N Pennsylvania Avenue, Greensburg PA 15601 | **मई 28, 2026** | **बिहान 11:00 बजेदेखि दिउँसो 1:00 बजेसम्म** |
| **बटलर काउन्टी - प्रत्यक्ष उपस्थिति**<br>Forward Township Municipal Building, 207 Ash Stop Rd, Evans City, PA 16033 | **जुन 3, 2026** | **बेलुका 4:00 बजेदेखि बेलुका 6:00 बजेसम्म** |
| **बिभर काउन्टी - प्रत्यक्ष उपस्थिति**<br>Beaver County Courthouse, Commissioners Meeting Room, 810 3rd St, Beaver PA 15009 | **जुन 4, 2026** | **अपरान्ह 12:00 बजेदेखि दिउँसो 2:00 बजेसम्म** |

साउथवेस्टर्न पेन्सलभेनिया कमिसन (SPC) आफूले सञ्चालन गर्ने कार्यक्रम तथा क्रियाकलापहरूमा लागू हुने नागरिक अधिकारसम्बन्धी कानुन, कार्यकारी आदेश, नियम र नीतिहरू अन्तर्गतका गैर-भेदभावसम्बन्धी आवश्यकताहरू पालना गर्नका लागि प्रतिबद्ध छ। SPC कार्यक्रमका लाभार्थीहरूले जाति, रङ, राष्ट्रिय मूल, लिङ्ग, उमेर, अपाङ्गता वा आर्थिक स्थितिलाई ध्यानमा नराखिकन सार्वजनिक सहभागिताका अवसरहरू प्राप्त गर्छन् भनेर सुनिश्चित गर्न प्रतिबद्ध छ। बैठक हुने ठाउँहरू सबैका लागि पहुँचयोग्य छन् र सम्भव भएसम्म बैठक स्थलहरूमा सार्वजनिक यातायातको सुविधा उपलब्ध छ। SPC ले भाषा, बोली, दृष्टि वा श्रवणसम्बन्धी आवश्यकताहरू भएका व्यक्तिहरूलाई नि:शुल्क सहायक सेवाहरू उपलब्ध गराउनेछ र यी सेवाहरूका लागि बैठकभन्दा 3 दिन पहिले नै अनुरोध गरिएको खण्डमा तिनीहरू उपलब्ध हुन्छन्। स्रोतसाधनहरूले भ्याएसम्म SPC ले 3 दिनभन्दा कम समयको सूचना दिएर गरिएका अनुरोधहरू पूरा गर्ने प्रयास गर्नेछ। कृपया सहायक सेवाहरूका लागि आफ्नो अनुरोध SPC सार्वजनिक संलग्नता संयोजक रोन्डा क्रेग (Ronda Craig) लाई (412) 391-5590 एक्स्टेन्सन 0372 वा rcraig@spcregion.org मा गर्नुहोस्। यदि तपाईंलाई आफूलाई सहभागिताको अवसरबाट वञ्चित गरिएको छ वा SPC द्वारा सञ्चालित कार्यक्रम वा क्रियाकलापहरूको सम्बन्धमा आफूलाई भेदभाव गरिएको छ भन्ने लाग्छ भने तपाईंले हाम्रो उजुरी प्रक्रिया कागजातमा उपलब्ध गराइएका प्रक्रियाहरू प्रयोग गरेर वा (412) 391-5590 मा फोन गरेर वा TitleVICoordinator@spcregion.org. मा इमेल गरेर SPC को टाइटल VI संयोजकलाई सम्पर्क गरेर उजुरी दर्ता गर्न सक्नुहुन्छ। थप जानकारी वा भेदभावसम्बन्धी उजुरी फाराम प्राप्त गर्नका लागि कृपया www.spcregion.org/ मा हाम्रो वेबसाइट हेर्नुहोस् वा 412-391-5590 मा फोन गर्नुहोस्।

यस सूचनाले बिभर काउन्टी ट्रान्जिट अथोरिटी, बटलर ट्रान्जिट अथोरिटी, फेयट एरिया कोओर्डिनेटेड ट्रान्जिट, मिड मन भ्याली ट्रान्जिट अथोरिटी, पिट्सबर्ग रिजनल ट्रान्जिट, एयरपोर्ट कोरिडोर ट्रान्सपोर्टेसन एसोसिएसन, वाशिंगटन काउन्टी ट्रान्सपोर्टेसन अथोरिटी, वेस्टमोरल्याण्ड काउन्टी ट्रान्जिट अथोरिटी, SPC र SPC को कार्यक्रम कम्युटइन्फो (CommuteInfo) को अर्बनाइज्ड एरिया फर्मुला कार्यक्रमको परियोजनसम्बन्धी आवश्यकताहरूलाई पूरा गर्छ।